# तमु (गुरुङ) सञ्चारकर्मी संघ, नेपाल

## केन्द्रिय कार्यसमिती

## Association Of Tamu (Gurung) Journalists, Nepal

मिती-२०६५/०८/२१

**<u>बिषय- हार्दिक बधाइ ।</u>**

नयाँ नेपालको संघिय खाका तयार भैरहेको यो महत्वपूर्ण घडीमा सबै खाले जाति, भाषा, धर्म, संस्कृती तथा क्षेत्रका मानिसहरुले आ-आफ्नो संघिय अस्तित्वको खोजी गरिरहेका बेला हामी पनि स्वायत्त तमुवान राज्य स्थापनाका लागि प्रयासरत सम्पूर्ण तमु (गुरुङ) संघ संस्थाहरुसंग एक्यवद्धता जाहेर गर्न कटिबद्ध भएको करा अवगत गराउनु चाहन्छु । बिद्युतिय सञ्चार माध्यम मध्ये अहिले प्रचलित अनलाइन मिडियाको सम्भावना आजको आधुनिक युगमा दिन प्रतिदिन बढ्दो छ । सम्भावना र लोकप्रियताको माझमा रहेको यो क्षेत्रमा देखा परेको यु.एस.नेपाल अनलाइन डटकमले १ बर्षे कार्यकाल पुरा गरेको सु-समाचार सुन्न पाउंदा हामीलाइ खुसी लागेको छ । सम्भावनासंगै आउने बिबिध खालका चुनौतीहरुको सामना गर्दै यो संस्था दोश्रो बर्षमा प्रबेश गरेकोमा नेपालका सम्पूर्ण तमु (गुरुङ) सञ्चारकर्मीहरुको तर्फबाट हार्दिक बधाइ ब्यक्त गर्न चाहन्छु । संघिय नयाँ नेपाल निर्माणको अभियानमा यु.यस.नेपाल अनलाइन डटकमले महत्वपूर्ण भुमिका खेल्न सकोस भन्ने शुभकामना ब्यक्त गर्दै आगमी दिनहरुमा अझै सफलताका साथ आफ्नो उद्देश्यमा पुग्न सकोस । यो संस्थाका लागि नेपालका सम्पूर्ण तमु (गुरुङ) सञ्चारकर्मीहरुको सहयोग र सुझाव सधैं सधैं उपलब्ध भैरहने प्रतिबद्धता समेत जाहेर गर्न चाहन्छु ।

धन्यबाद !

**गणेशमान गुरुङ**
**अध्यक्ष**